# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, वैशाख ३१ गते २०४४ साल (अतिरिक्ताङ्क ८

## भाग ४

### निर्वाचन आयोगको

### सूचना १

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनको लागि देहाय बमोजिम निर्वाचन क्षेत्रको नाम, मतदान केन्द्रको स्थान, निर्वाचन हुने मिति र मतदान हुने समय तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. निर्वाचन क्षेत्रको नामः— दैलेख जिल्ला निर्वाचन क्षेत्र।

२. मतदान केन्द्रको स्थानः— निर्वाचन आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम निर्वाचन अधिकृतले तोकेको दैलेख जिल्लाका प्रत्येक गाउँ पञ्चायतका स्थान।

३. निर्वाचन हुने मिति र मतदान हुने समयः— २०४४ साल जेठ २७ गते विहान ८ बजेदेखि अपरान्ह ५ बजेसम्म।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले दैलेख जिल्ला निर्वाचन क्षेत्रमा एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनको प्रयोजनको लागि दैलेख जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री हरिप्रसाद घिमिरेलाई निर्वाचन अधिकृत नियुक्त गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ३

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उप-दफा (३) को प्रयोजनको लागि निर्वाचन आयोगले दैलेख जिल्ला निर्वाचन क्षेत्रमा एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनमा मतदान केन्द्रको स्थान तोक्न दैलेख जिल्ला निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत श्री हरिप्रसाद घिमिरेलाई अधिकार प्रत्यायोजन गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ४

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ४ को उप-दफा (१) को प्रयोजनको लागि निर्वाचन आयोगले दैलेख जिल्ला निर्वाचन क्षेत्रका एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनमा मतदाता हुनको लागि सो निर्वाचन क्षेत्रमा आफ्नो स्थायी घरवास भएको वा सो निर्वाचन क्षेत्रमा २०४३ साल पुस मसान्तसम्ममा घटीमा एक वर्ष बसोवास गरेको र सोही मितिसम्ममा एक्काईस वर्षको उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सूचना ५

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ६ को प्रयोजनको लागि निर्वाचन आयोगले दैलेख जिल्ला निर्वाचन क्षेत्रमा एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनमा उम्मेदवार हुनको लागि २०४३ साल पुस मसान्त सम्ममा पच्चीस वर्षको उमेर पूरा गरेको हुनुपर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

अधिकारिकता मुद्रण प्रमाणीकरण गरिएपछि मात्र लागु हुनेछ।

40